भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

## ३० औं महान जनयुद्ध दिवसको शुभकामना

**जनयुद्धका क्रान्तिवीरहरु !**
**घाइते अपाङ्ग योद्धाहरु !!**
**सहिद तथा वेपत्ता परिवारहरु !!!**
**इतिहासका निर्माता जनसमुदायहरु !!!!**

यहाँहरु सबैलाई उच्च सम्मानका साथ सर्वप्रथम महान जनयुद्ध दिवसको शुभकामना व्यक्त गर्दछु ।
**आज फाल्गुन १ गते !**
"जनयुद्धको बाटोमा अघि बढौं" भन्ने मूल नाराका साथ २०५२ फाल्गुन १ गते विश्व सर्बहारा वर्गको एक टुकडी नेपाली सर्वहारा बर्गको राजनैतिक अग्रदस्ता नेकपा (माओवादी) को नेतृत्वमा नेपाली जनताले नेपालको सामन्ती राजतन्त्र र राज्यसत्ताको बिरुद्धमा बिद्रोह गरेको दिन ! शोसक- सामन्त- दलाल- नोकरशाहहरुको स्वर्गमा शोषित-पिडित-किसान, मजदुर र सर्वहारा वर्गले धावा बोलेको दिन ! विश्व साम्राज्यवादको मुटु हल्लिएको दिन ! आजको दिन, युद्ध-क्रान्ति-बलिदान र बीरताका आँधीमय १० वर्षहरुलाई ताजा स्मरण गर्दै हजारौं-लाखौं न्यायप्रेमी जनसमुदायले गरेको अभूतपूर्व बिद्रोहमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्ने अमर सहिदहरुप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु ।

जनयुद्धका तुफानी १० वर्षमा नेपाली श्रमजीवी वर्गले आफ्नो भाग्य आफै लेख्न, आफ्नो हक अधिकारको न्यायपूर्ण युद्धमा भाग लिएर बीरता र समर्पणको गौरवपूर्ण इतिहास लेखेका छन् । यो बिद्रोहको इतिहासलाई कुनै पनि प्रतिगामी, पश्चगामी र दलाल शक्तिहरुले मेटाउन सक्दैनन् । रगतले लेखिएका इतिहासलाई अपमान गर्न गोयवल्सका नाङ्गा अवतारहरुले जति प्रलाप गरे पनि यो इतिहास हजारौं वर्ष सम्म पढिने छ । जनयुद्धको भव्य र भिमकाय भूमिकामा नै नेपालका प्रजातान्त्रिक, लोकतान्त्रिक र सम्पूर्ण क्रान्तिकारी शक्तिहरु सँग कार्यगत एकता र सहकार्य गरी २०६२/०६३ को विशाल र अधिराज्यव्यापी जनआन्दोलनद्वारा विष्णुको अवतार भनिने महाराजा र तिनका दलाल प्रतिनिधिहरुको मक्किएको शासन ढालेर संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माण भएको छ । आज सम्पूर्ण शोषीत उत्पीडित वर्गहरु अधिकार सम्पन्न भएका छन्, प्रजाबाट सार्वभौम नागरिक भएका छन । तीन तहको सरकार संञ्चालन भएका छन् भने जनताले आफुले चुनेको जनप्रतिनिधि मार्फत सरकार संञ्चालन गरिरहेका छन् ।

आज जनयुद्ध दिवस मनाउनुको अर्थ हाम्रो गौरवपूर्ण इतिहासलाई सम्मान गर्नु हो । आजको सन्दर्भमा संघीयतालाई थप मजबुत बनाउँदै संघीयताले दिएका अधिकारहरु र लाभहरुलाई नागरिक सामु पुर्‍याउनु, नागरिकको सेवामा समर्पित हुनु, हर क्षेत्रगत विकासलाई सन्तुलित बनाउँदै लानु, विकास आयोजनाहरुलाई प्राथमिकिकरण गर्दै जानु र समग्रमा देशलाई समृद्धिको दिशामा अगाडि बढाउनुनै इतिहास प्रतिको सच्चा सम्मान र आजको अभिभारा हुनेछ ।

२०५२ मा हामीले- "जनयुद्धको दिशामा अघि बढौं" भन्यौं, आज "समृद्धिको दिशामा अघि बढौं" भनौं, पुनश्च: महान जनयुद्ध दिवसको सम्पूर्णमा हार्दिक शुभकामना छ । धन्यवाद !

**१ फाल्गुन २०८१**

.......................
**होम प्रकाश श्रेष्ठ**
**अध्यक्ष**